WESTERN DEVELOPMENT BANK LTD.

**वेष्टर्न डेभलपमेन्ट बैंक लिमिटेड**
केन्द्रीय कार्यालय, घोराही दाङ
फोन नं. ०८२-५६०७३२, फ्याक्स नं. ०८२-५६०९०७
Email Add : info@wdbldang.com.np

**को**

# बोनस शेयर हितग्राही खातामा जम्मा गरिएको तथा शेयर अभौतिकीकरण गर्ने बारेको सूचना

यस वेष्टर्न डेभलपमेन्ट बैंक लिमिटेड (साविक वेष्टर्न डेभलपमेन्ट बैंक लिमिटेड र साविक नमस्ते वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात्) को मिति २०७५/०३/१३ गते सम्पन्न बाह्रौं वार्षिक साधारण सभाबाट पारित भएको आ.व. २०७३/०७४ को मुनाफाबाट १७.४१ प्रतिशत बोनश शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकृत तथा दर्ता भई अभौतिक रुपमा कारोबार हुने व्यवस्था भईसकेको व्यहोरा जानकारी गराउँदछौ ।

यि बैंकको मर्जर सम्बन्धी अभिलेख भएको मिति २०७५/०३/०३ गतेसम्म शेयरहरु अभौतिकीकरण गराउनु भएका शेयरधनी महानुभावहरुको बोनस शेयर सम्बन्धित हितग्राही खातामा जम्मा गरिएको व्यहोरा जानकारी गराउँदै सो मिति पश्चात् शेयर अभौतिकीकरण गराएका/गराउने शेयरधनीहरुको हकमा निजको हितग्राही खातामा उक्त बोनश शेयर क्रमश: जम्मा गरिदै जाने व्यवस्थाका साथै शेयरधनी मार्फत कम्पनीले तोकेको ढाँचा अनुरुप निवेदन लिई बोनश शेयर जम्माको प्रक्रिया गरिने व्यहोरा जानकारी गराइन्छ । सो का लागि निवेदनको ढाँचा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लि.को website: www.prabhucapital.com बाट पनि प्राप्त गर्न सकिनेछ । साथै हालसम्म पनि शेयर डिम्याट नगर्नु भएका शेयरधनी महानुभावहरुले शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं वा आफूलाई पायक पर्ने प्रभु बैंक लिमिटेडको शाखा कार्यालयहरुमा वा अन्य कुनै निक्षेप सदस्यहरु मार्फत हितग्राही खाता खोली शेयर डिम्याट गरि बोनश शेयर सोझै आफ्नो हितग्राही खातामा प्राप्त गर्न सकिने जानकारी गराईन्छ ।

यस बैकको शेयर मिति २०७५/०३/०३ गतेसम्म धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरुको हकमा शेयरधनीको हितग्राही खातामा उक्त बोनस शेयर कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक/ वित्तीय संस्थाहरुको नाममा नै रोक्का जनाई जम्मा हुने हुँदा सो कर्जा राफसाफ भईसकेको खण्डमा शेयरधनी महानुभावहरुलाई सम्बन्धित बैंक/वित्तीय संस्थामा सम्पर्क गरी सो बोनश शेयर फुकुवा गर्नु हुन अनुरोध गर्दै सो मिति पश्चात् रोक्का राखेका शेयरधनीहरुको बोनस शेयर शेयरधनीको हितग्राही खातामा रोक्का नजनिई जम्मा भईजाने हुँदा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई निजको बोनश शेयर रोक्का भए/नभएको यकिन गर्नहुन तथा रोक्का नरहेको खण्डमा रोक्का समेत गर्नुहुन यसै सूचनाबाट सूचित गराईन्छ ।

**शेयर रजिष्ट्रारः**

PRABHU CAPITAL
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाण्डौ, नेपाल, फोन नं. : ४२२२९८७, फ्याक्स नं. : ४२२२८०२
Email: info@prabhucapital.com, Url:www.prabhucapital.com

मिति २०७५/११/४ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित